सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रस्तुत गरिएको सार्वजनिक विवरण

# (Proactive Disclosure)

प्रथम त्रैमासिक

आ.व. २०८२/०८३ श्रावण-आश्विन



<u>प्रकाशक</u>

नेपाल सरकार

जिल्ला समन्वय समितिको कार्यालय

नवलपरासी (ब.सु.प.)

# स्वतः प्रकाशन

**(Proactive Disclosure)**

सरकारी तथा सार्वजनिक निकायहरुको काममा उत्तरदायित्व, पारदर्शिता, खुलापन र जिम्मेवारीबोध जस्ता लोकतान्त्रिक मूल्य मान्यतालाई आत्मसात् गर्नका लागि नागरिकको सूचनामा पहुँच अपरिहार्य हुन्छ। नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको व्यवस्था गरीएको र विशिष्टिकृत कानुनको रुपमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानुनी व्यवस्था गरीएको छ। नागरिकले सूचना माग नगरे पनि आफ्नो निकायको पारदर्शिता, जवाफदेहिता र विश्वसनियताको लागि नियमित रुपमा सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गर्ने सूचनाको हक सम्बन्धी कानुनको मुल मर्म बमोजिम जिल्ला समन्वय समितिको कार्यालय, नवलपरासी (ब.सु.प.) द्वारा आ.व. २०८२/०८३ को पहिलो त्रैमासिक (२०८२ श्रावण, भाद्र र असोज) महिनामा सम्पादित मुख्य-मुख्य कार्यहरुको जानकारी तयार गरिएको छ।

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावली, २०६५ को नियम (३) बमोजिम प्रस्तुत गरिएको जिल्ला समन्वय समितिको कार्यालय, नवलपरासी (ब.सु.प.) सँग सम्बन्धित सार्वजनिक विवरण

(२०८२ श्रावण १ देखि २०८२ असोज मसान्त सम्म)

### १. जिल्ला समन्वय समितिको कार्यालयको स्वरुप र प्रकृति

संघीय शासन प्रणाली लागू भएपछि नेपालको प्रशासनिक ढाँचामा आएको परिवर्तनअनुसार जिल्ला विकास समितिको स्थानमा जिल्ला समन्वय समितिको (District Coordination Committee) स्थापना गरीएको हो। नेपालको संविधान २०७२ को धारा २२० मा जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न जिल्ला भित्रका गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालिका प्रमुख र उपप्रमुख सदस्य रहने गरी जिल्ला सभाको गठन हुने र उक्त जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने व्यवस्था रहेको छ। यसरी निर्वाचित जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सङ्घीय सरकार, प्रदेश सरकारबाट प्राप्त निर्देशन तथा जिल्ला समन्वय समितिबाट भएका निर्णयको कार्यान्वयनका लागि र दैनिक प्रशासनिक कार्य सञ्चालनका लागि एक जना जिल्ला समन्वय अधिकारी (रा.प. द्धितिय श्रेणी निजामती) सहित अन्य दरबन्दी अनुसार निजामती कर्मचारी रहने व्यवस्था छ। जिल्ला समन्वय समिति कुनै कार्यकारी निकाय नभएर स्थानीय तहहरु, प्रदेश सरकार र संघीय कार्यालयहरुबीचको सम्पर्क र सहकार्यको माध्यम हो। यस कार्यालयको मुख्य उद्देश्य जिल्ला भित्रका विभिन्न स्थानीय तहहरुबीच समन्वय स्थापना गर्नु र विकास कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु हो।

### २. जिल्ला समन्वय समितिको कार्यालय, नवलपरासी (ब.सु.प.) को काम, कर्तव्य र अधिकार

नेपालको संविधान, २०७२ को धारा २२० को उपधारा (७) बमोजिम जिल्ला समन्वय समितिको कार्यालय, नवलपरासी (ब.सु.प.) को काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छ।

क. जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने ।

ख. विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने।

ग. जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने।

घ. प्रदेश कानुनबमोजिमका अन्य कार्यहरु गर्ने।

त्यसैगरी, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (९२) तथा लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको जिल्ला सभा र जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धि ऐन, २०७५ को दफा (३) ले जिल्ला सभा/जिल्ला समन्वय समितिको काम कर्तव्य र अधिकारको व्यवस्था देहाय बमोजिम गरेको छ।

- ✓ जिल्लाभित्रका स्थानीय तहहरुको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने।
- ✓ जिल्लामा सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गर्ने। त्यस्ता कार्यक्रमको प्रभावकारिता र व्यवस्थापनको विभिन्न चरणमा अनुगमन गर्ने तथा आवश्यक सुझाव वा मार्गदर्शन प्रदान गर्ने।
- ✓ स्थानीय तहहरुको क्षमता विकासका लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने।
- ✓ स्थानीय तहहरुबिच कुनै विवाद उत्पन्न भएमा सो को समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने।
- ✓ जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबिच समन्वय गर्ने।
- ✓ जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने।
- ✓ जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घसंस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने।
- ✓ जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन अनुसन्धान तथा अनुगमन गरी सन्तुलन कायम गर्नका लागि सङ्घ प्रदेश सरकार र आवश्यकताअनुसार सम्बन्धित स्थानीय तहलाई सुझाव दिने।

- ✓ जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद सदस्यहरुलाई आमन्त्रण गरी सुझाव लिने।
- ✓ जिल्ला भित्रका स्थानीय तहले बनाएका कानुनहरुको अभिलेखीकरण गर्ने।
- ✓ जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन गर्ने।
- ✓ जिल्ला भित्रका दुई वा सोभन्दा बढी स्थानीय तहबीचका रणनीतिक महत्वका आयोजना तथा परियोजनाको पहिचान गरी सोको कार्यान्वयनमा सहजीकरण तथा समन्वय गर्ने।
- ✓ प्राकृतिक स्रोत व्यवस्थापन, अनुगमन र समन्वय गर्ने।
- ✓ नेपाल सरकार तथा प्रदेश सरकारले तोकेका अन्य काम गर्ने।

## ३. जिल्ला समन्वय समितिको कार्यालयमा रहेका कर्मचारी संख्या र कार्य विवरण

क. जिल्ला समन्वय समिति, नवलपरासी (ब.सु.प.) का पदाधिकारीहरुको विवरण

| क्र.सं. | पद | नाम थर | मोवाइल नं. |
|---|---|---|---|
| १ | प्रमुख | श्री भगौती यादव | ९८५७०४५६७८ |
| २ | उपप्रमुख | श्री रामदयाल तेली | ९८६७४२८६४३ |
| ३ | सदस्य | श्री धनिराम चौधरी | ९८४७५५८९५२ |
| ४ | सदस्य | श्री मकबुल मियाँ | ९८२६४४१०८६ |
| ५ | सदस्य | श्री यम बहादुर दर्लामी | ९८४४७८८३१० |
| ६ | सदस्य | श्री इन्दिरा रोक्का | ९८४७२५६८२० |
| ७ | सदस्य | श्री शारदा परियार | ९८४७१३४२५७ |
| ८ | सदस्य | श्री शोभा चौधरी | ९८१५४८३८९० |
| ९ | सदस्य | श्री लवाङ्दी देवी हरिजन | ९८२१५१८५५६ |

ख. जिल्ला समन्वय समितिको कार्यालय नवलपरासी (बसुप) मा रहेको कर्मचारी दरबन्दी संख्या

| क्र.स. | पद | श्रेणी | सेवा | समूह | द. संख्या | कै. |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | रा.प. द्वितिय | प्रशासन | सा.प्र. | १ | |
| २ | शाखा अधिकृत | रा.प. तृतिय | प्रशासन | सा.प्र. | १ | |
| ३ | इन्जिनियर | रा.प. तृतिय | इन्जि. | सिभिल (जनरल) | १ | |
| ४ | लेखापाल | रा.प. अनं. प्रथम | प्रशासन | लेखा | १ | |
| ५ | नायव सुब्बा | रा.प. अनं. प्रथम | प्रशासन | सा.प्र. | १ | |
| ६ | सब इन्जिनियर | रा.प. अनं. प्रथम | इन्जि. | सिभिल (जनरल) | १ | |
| ७ | खरिदार | रा.प. अनं. द्वितिय | प्रशासन | सा.प्र. | १ | |
| ८ | हलुका सवारी चालक | श्रेणीविहिन | | | २ | |
| ९ | कार्यालय सहयोगी | श्रेणीविहिन | | | ३ | |

ग. जिल्ला समन्वय समितिको कार्यालय, नवलपरासी (ब.सु.प.) मा हाल कार्यरत कर्मचारीको विवरण

| क्र.स. | पद | नाम थर | मोबाइल नं |
|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | श्री ज्ञान प्रसाद पनेरु | ९८५७६५००२० |
| २ | शाखा अधिकृत | श्री सुमिता मरासिनी | ९८५७०९५१११ |
| ३ | इन्जिनियर | श्री सपना भट्टराई | ९८४६८४४८४० |
| ४ | लेखापाल | श्री कमल अर्याल | ९८५८०५०५३० |
| ५ | नायब सुब्बा | श्री बिन्दु अर्याल | ९८४७१८४४०३ |

| | | | |
|---|---|---|---|
| ६ | सब इन्जिनियर | श्री सन्देश न्यौपाने | ९८५७०४४७४५ |
| ७ | खरिदार | श्री रामप्रसाद कोहार | ९८६७२०७००८ |
| ८ | ह.स.चा. | श्री शर्मा प्रसाद चौधरी | ९८६७८६२४०३ |
| ९ | ह.स.चा. | श्री सुदन श्रेष्ठ | ९८६५१५८०३५ |
| १० | का.स. | श्री तारा खड्का | ९८१५११८६४३ |
| ११ | का.स. | श्री रमेश नाउ | ९८६७३४३१६२ |
| १२ | का.स. | श्री जितेन्द्र गुप्ता | ९८११५२६१८७ |

## ४. जिल्ला समन्वय समितिको कार्यालयबाट प्रदान गरिने सेवा

✓ नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ साथै सङ्घीय र प्रदेश कानुन बमोजिमका सबै सेवाहरु

## ५. जिल्ला समन्वय समितको कार्यालय, नवलपरासी (ब.सु.प.) मा रहेका शाखा र जिम्मेवार अधिकारी

| क्र.स. | शाखाको नाम | जिम्मेवार कर्मचारी | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १. | व्यवस्थापन शाखा | शाखा अधिकृत सुमिता मरासिनी | ९८५७०९५१११ | |
| २. | अनुगमन तथा मूल्याङ्कन शाखा | इन्जिनियर सपना भट्टराई | ९८४६८४४८४० | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी

जिल्ला समन्वय समितिद्धारा प्रदान गरिने कुनै पनि सेवाबापत शुल्क नलाग्ने ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

✓ शाखासँग सम्बन्धित नियमित कामको निर्णय शाखा प्रमुखबाट हुने, शाखा प्रमुखबाट हुन नसकेका निर्णय र कार्यालय प्रमुखबाटै निर्णय हुने भनि तोकिएका विषयमा

कार्यालय प्रमुखबाट र नीतिगत विषयका निर्णयहरु जिल्ला समन्वय समिति तथा सभाबाट हुने।

- ✓ सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र अन्य प्रचलित कानुनबमोजिम ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

जिल्ला समन्वय अधिकारी

## ९. सम्पादन गरेको कामको विवरण

मिति २०८२ श्रावण १ देखि २०८२ आश्विन मसान्तसम्मको त्रैमासिक अवधीमा यस कार्यालयबाट सम्पादित कामको विवरण निम्नअनुसार रहेको छ।

- ✓ जिल्ला समन्वय समितिको बैठक सङ्ख्या:- ३
- ✓ जिल्लाभित्रका सङ्घीय / प्रादेशीक कार्यालयहरु तथा स्थानीय तहहरुको आ.व. २०८१/०८२ को वार्षिक प्रगति समिक्षा कार्यक्रम सम्पन्न भएको।
- ✓ स्थानीय तहबीच आ.व. २०८१/०८२ को असल अभ्यास सम्बन्धी अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न भएको।
- ✓ आठौ जिल्ला सभा सम्पन्न भएको।
- ✓ स्थानीय तहहरुसँग विभिन्न विषयहरुमा समन्वय तथा सहजीकरण ।

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

१. कार्यालय प्रमुख

- ✓ नाम :- श्री ज्ञानु प्रसाद पनेरु
- ✓ पद :-जिल्ला समन्वय अधिकारी

२. सूचना अधिकारी

- ✓ नाम :- श्री सुमिता मरासिनी

- ✓ पद :- शाखा अधिकृत

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सुची

- ✓ नेपालको संविधान,
- ✓ स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- ✓ जिल्ला सभा र जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धी ऐन, २०७५ (लुम्बिनी प्रदेश)
- ✓ सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- ✓ सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५
- ✓ सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमाली, २०६५
- ✓ निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५०
- ✓ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६
- ✓ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- ✓ जिल्लास्तरीय अनुगमन तथा समन्वय कार्यविधि, २०८०
- ✓ नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ (लुम्बिनी प्रदेश)
- ✓ ढुङ्गा, गिट्टि तथा बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७

## १२. तोकिएबमोजिमका अन्य विवरण

क. कार्यालयको वेभसाइट :- dccnawalparasiwest.gov.np

ख. कार्यालयको ईमेल :- dccnawalparasi2073@gmail.com

## १३. सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरण

२०८२ श्रावण १ देखि २०८२ आश्विन मसान्तसम्म सूचनाको हक अन्तर्गत सूचना माग नभएको ।